बद्री प्रसाद शर्मा बाग्ले
प्रमुख प्रशासकीय अधिकृत

# तामाकोशी गाउँपालिकाको विनियोजन ऐन,२०८१

**तामाकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०८१-०३-०९

प्रस्तावनाः.

तामाकोशी गाउँपालिकाको आर्थिक बर्ष **२०८१/२०८२** को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम तामाकोशी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस **ऐन**को नाम “तामाकोशी गाउँपालिकाको विनियोजन ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई अध्यक्षबाट प्रमाणिकरण भएपछि वि.सं २०८१ साल श्रावण १ गते देखि लागु हुनेछ ।

२.**आर्थिक वर्ष २०८१/२०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष **२०८०/२०८१** को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **६५,४७,३१,०००।-** (**अक्षेरुपी पैसठ्ठी करोड सत्चालिस लाख एकतिस हजार रुपैया मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८१/२०८२** को निमित्त तामाकोशी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ

बद्री प्रसाद शर्मा बाग्ले<br>प्रमुख प्रशासकीय अधिकृत

सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४. विनियोजन गर्न सकिने: (१) तामाकोशी गाउँपालिकाको गाउँसभाले आ.व. **२०८०/२०८१ को** लागि सेवा वा कार्यहरुका लागि स्वीकृत गरेको रकम मध्ये सम्पूर्ण रुपमा खर्च हुन नसकि बाँकी रहने रकम आ.व **२०८१/२०८२ को** निमित्त गाउँपालिकाको आवश्यकता र प्राथमिकताका योजना तथा कार्यक्रमहरुमा गाउँ कार्यपालिकाले विनियोजन गर्न सक्नेछ । यसरी विनियोजन गरिएको रकम तथा योजनाहरुलाई गाउँसभामा पेश गरी स्वीकृत गराउनुपर्नेछ ।

बद्री प्रसाद शर्मा वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **कुल बजेट** | | | | |